आज मिति २०८३/०१/१२ गते भीमेश्वर नगरपालिकाका नगर प्रमुख श्री ईश्वर नारायण मानन्धरज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ५४औं बैठकमा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थिति रही देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

| क्र.स. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री ईश्वर नारायण मानन्धर | नगर प्रमुख | | |
| २ | श्री कमला बस्नेत | नगर उपप्रमुख | | |
| ३ | श्री विष्णुप्रसाद सुवेदी | प्रमुख प्रशासकीय अधिकृत | | |
| ४ | श्री माधव थामी | वडा अध्यक्ष भी.न.पा. १ | | |
| ५ | श्री स्टालिन श्रेष्ठ | वडा अध्यक्ष भी.न.पा. २ | | |
| ६ | श्री हरिशरण शिवाकोटी | वडा अध्यक्ष भी.न.पा. ३ | | |
| ७ | श्री तारानाथ चौलागाई | वडा अध्यक्ष भी.न.पा. ४ | | |
| ८ | श्री बासु श्रेष्ठ | वडा अध्यक्ष भी.न.पा. ५ | | |
| ९ | श्री भारत प्रसाद खतिवडा | का.वा.वडा अध्यक्ष नं. ६ | | |
| १० | श्री बिनोद तामाङ | वडा अध्यक्ष भी.न.पा. ७ | | |
| ११ | श्री काजी बुढाथोकी | वडा अध्यक्ष भी.न.पा. ८ | | |
| १२ | श्री हिमाल श्रेष्ठ | वडा अध्यक्ष भी.न.पा. ९ | | |
| १३ | श्री गोपाल बहादुर थामी | कार्यपालिका सदस्य | | |
| १४ | श्री मुना श्रेष्ठ | कार्यपालिका सदस्य | | |
| १५ | श्री गोरे बहादुर सार्की | कार्यपालिका सदस्य | | |
| १६ | श्री मिना बिश्वकर्मा | कार्यपालिका सदस्य | | |
| १७ | श्री सुशिला थापा | कार्यपालिका सदस्य | | |
| १८ | श्री खेम कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य | | |
| १९ | श्री भीम बहादुर भुजेल | कार्यपालिका सदस्य | | |
| २० | श्री किरण वली | कार्यपालिका सदस्य | | |
| २१ | श्री माधव प्रसाद सुवेदी | प्र.अ./ बैठक व्यवस्थापक | | |

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको ५४औं बैठकका निर्णयहरु
मिति २०८३/०२/१२ गते

<u>प्रस्तावहरु :</u>

प्रस्ताव नं. १ : शोक प्रस्ताव सम्वन्धमा ।

प्रस्ताव नं. २ : आ.व. २०८३/०८४ को बजेट तथा कार्यक्रमको प्राथमिकता निर्धारण सम्वन्धमा ।

प्रस्ताव नं. ३ : आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रमका लागि सुझाव माग सम्वन्धमा ।

प्रस्ताव नं. ४ : विद्यालयको विदा सम्वन्धमा ।

प्रस्ताव नं. ५ : उपभोक्ता मार्फत आयोजना तथा कार्यक्रम सम्वन्धी कार्य संचालन विधि, २०८३ सम्वन्धमा ।

प्रस्ताव नं. ६: सोझै खरिद सम्वन्धी कार्यसन्चालन विधि, २०८३ सम्वन्धमा ।

प्रस्ताव नं. ७ : पूर्ण अपाङ्गता (क वर्ग) हेरालुका लागि र मध्यम अपाङ्गता (ग वर्ग) आर्थिक सहयोग कार्यक्रम कार्यविधि, २०८३ सम्वन्धमा ।

प्रस्ताव नं. ८ : नपा कार्यालय र कभर्ड हलमा खानेपानी व्यवस्थापन सम्वन्धमा ।

प्रस्ताव नं. ९ : सिसि टिभी क्यामराको विद्युत आपूर्ति प्रणाली मर्मत सम्वन्धमा ।

प्रस्ताव नं. १० : थप सुचनामूलक/लोकेशन बोर्ड राख्ने सम्वन्धमा ।

प्रस्ताव नं. ११: भीमेश्वर नपाको भगिनी सम्वन्धको मित्रराष्ट्र चीनको सिचुवान प्रान्तको छेन्दुस्थित दुजियाँङ्गयान शहरलाई आमन्त्रण गर्ने सम्वन्धमा ।

प्रस्ताव नं. १२ : International Zero-waste City Network को General Assembly र Conference मा नगरपालिकाव प्रतिनिधित्व सम्वन्धमा ।

प्रस्ताव नं. १३ :आ.व. २०८३/०८४ का लागि नदिजन्य पदार्थ उत्खनन् संकलन तथा बिक्रिको ठेक्का सूचना सम्वन्धमा

प्रस्ताव नं. १४ : ढल आयोजनाको जनशक्ति व्यवस्थापन सम्वन्धमा ।

प्रस्ताव नं. १५ : सरसफाई केन्द्रमा फोहर गाड्ने कार्य र टुडीखेल अगाडिको सडकमा डस्ट बिछ्याउने कार्यको भुक्तानी सम्वन्धमा ।

प्रस्ताव नं. १६ : डोक्थली सडक सरसफाईको भुक्तानी सम्वन्धमा ।

प्रस्ताव नं. १७ : ३ नं. वडा कार्यालय भवन मर्मत सम्वन्धमा ।

प्रस्ताव नं. १८ : राष्ट्रपति रनिंग शिल्ड प्रतियोगिता सन्चालनमा सहभागी बिद्यालयलाई व्यवस्थापन खर्च अनुमोदन सम्वन्धम

प्रस्ताव नं. १९ : तिन पांग्रे सवारी साधन (अटो रिक्सा) व्यवस्थापन सम्वन्धमा ।

प्रस्ताव नं. २० : वन पैदावारको बिक्रि वापतको रकम सम्वन्धमा ।

प्रस्ताव नं. २१ : नगर प्रहरीको रासन सम्वन्धमा ।

प्रस्ताव नं. २२ : स्यानिटरी प्याड खरिद सम्वन्धमा ।

प्रस्ताव नं. २३ : विद्यालयमा शैशिक गुणस्तर प्रोत्साहन कार्यक्रम सम्वन्धमा ।

प्रस्ताव नं. २४ : किसान सूचीकरण कार्यक्रम सम्वन्धमा ।

प्रस्ताव नं. २५ : योजना माग सम्वन्धमा ।

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको ५४औं बैठकका निर्णयहरु
मिति २०८३/०२/१२ गते

**निर्णय नं. १** : यस नगरपालिकाका नगर उपप्रमुख श्री कमला बस्नेतज्यूको ममतामयी माता चन्द्रकुमारी बस्नेतको मिति २०८३/०२/०२ गते भएको असामयिक निधनमा शोक प्रस्ताव पारित गर्दै मृत आत्माको चीर शान्तिको कामनाकासाथ शोकसन्तप्त परिवारप्रति भावपूर्ण समवेदना व्यक्त गर्दछ ।

**निर्णय नं. २** : यस नगरपलिकाको आ.व. २०८३/०८४ को बजेट तथा कार्यक्रमको प्राथमिकता तथा क्षेत्र निर्धारण तपसिल बमोजिम गर्ने ।

तपसिल

१) सामाजिक विकास

२) आर्थिक विकास

३) पूर्वाधार विकास

४) संस्थागत विकास तथा सुशासन

५) वन, वातावरण तथा विपद व्यवस्थापन

**निर्णय नं. ३** : यस नगरपलिकाको आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम र बजेट तर्जुमा सम्वन्धी सुझाव संकलनका लागि सरोकारवाला निकायहरुसंग छलफल गर्ने ।

**निर्णय नं. ४** : नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२/१२/२२ को निर्णय बमोजिम शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरको मिति २०८३/०१/२९ को परिपत्र बमोजिम यस नगरपालिका क्षेत्रभित्रका शैक्षिक संस्था (सामुदायिक र संस्थागत दुवै) हरुमा शैक्षिक सत्र २०८३ मा (शनिवार र आइतबार) हप्तामा दुई दिन सार्वजनिक विदा दिने निर्णय कार्यान्वयन गर्ने ।

**निर्णय नं. ५** : यस नगरपालिकाको उपभोक्ता मार्फत आयोजना तथा कार्यक्रम सम्वन्धी कार्य संचालन विधि, २०८३ स्वीकृत गर्ने ।

**निर्णय नं. ६** : यस नगरपालिकाको सोझै खरिद सम्वन्धी कार्यसन्चालन विधि, २०८३ स्वीकृत गर्ने ।

**निर्णय नं. ७** : यस नगरपालिकाको पूर्ण अपाङ्गता (क वर्ग) हेरालुका लागि र मध्यम अपाङ्गता (ग वर्ग) आर्थिक सहयोग कार्यक्रम कार्यविधि, २०८३ स्वीकृत गर्ने ।

**निर्णय नं. ८** : यस नगरपालिकाको मुख्य प्रशासनिक भवन र कभर्ड हलमा खानेपानी व्यवस्थापन गर्न प्राविधिक लागत ईष्टिमेट स्वीकृत गरी कार्यान्वयन गर्ने ।

**निर्णय नं. ९** : यस नगरपालिकाको मुख्य बजार क्षेत्रमा जडित सिसि टिभी क्यामराको विद्युत आपूर्ति प्रणालीमा समस्या आई मर्मत गर्नुपर्ने भएकोले स्थलगत अध्ययन गरी प्राविधिक लागत अनुमान बमोजिम आ.व. २०८२/०८३

को लागि बागमती प्रदेश सरकारबाट सिसि टिभी क्यामरा शीर्षक नं. २५ मा बिनियोजन भएको बजेटबाट विद्युत आपूर्ति प्रणाली मर्मत गर्ने ।

**निर्णय नं. १० :** यस नगरपालिका क्षेत्रभित्रका र दोलखा जिल्लाका महत्वपूर्ण धार्मिक तथा पर्यटकीय गन्तव्यको सूचना प्रवाह तथा पर्यटन प्रवर्द्धन गर्न यस नगरपालिकाको सपिंग कम्प्लेक्स "क" भवनमा पर्यटक सूचनामूलक बोर्ड (भित्ते लेखन) राख्ने ।

**निर्णय नं. ११ :** यस नगरपालिकासँग भगिनी सम्वन्धका लागि MoU भएको मित्रराष्ट्र चीनको सिचुवान प्रान्तको छेन्दुस्थित दुजियाँङ्गयान शहर र यस नगरपालिकाको आपसी साँस्कृतिक तथा पर्यटन आदानप्रदानका लागि उक्त शहरको नगर प्रमुखसहितको प्रतिनिधि मण्डललाई मिति २०८३ भाद्र ११-१५ (तदनुसार अगष्ट २६-३१) सम्म लागि आमन्त्रण गर्ने ।

**निर्णय नं. १२ :** यस नगरपालिकामा स्रोतमा नै फोहर वर्गीकरण गरी फोहरमैला व्यवस्थापन कार्य गरिरहेकोमा अन्तरराष्ट्रिय मन्चमा नगरपालिकाको प्रतिनिधित्व गरी फोहरमैला व्यवस्थापन कार्यलाई थप व्यवस्थित गर्न International Zero-waste City Network/BCRC, China को सदस्य भएको र Basel Convention Regional Centre for Asia and the Pacific (BCRC- China) बाट मित्रराष्ट्र चीनको सांघाईमा मिति २०८३ असार २०-२३ (तदनुसार २०२६ जुलाई ४-७) सम्म आयोजना हुने First General Assembly of the International Zero-waste City Network र International Conference on Waste Management मा यस नगरपालिका र नगर प्रमुखलाई आमन्त्रण भएकोमा ब.सि.नं. ६० बाट व्ययभार व्यहोर्ने गरी यस नगरपालिकाबाट नगर प्रमुख श्री ईश्वर नारायण मानन्धरको International Conference सहभागिता हुने कार्यक्रम स्वीकृत गर्ने । उक्त कार्यक्रममा नगर प्रमुख सहित बढीमा ३ जनासम्म सहभागि हुन सक्ने निमन्त्रणा प्राप्त भएकोले सम्वन्धित सहभागीले खर्च व्यहोर्ने गरी सहभागिता हुनसक्ने ।

**निर्णय १३ :** आ.व. २०८३/०८४ का लागि नदिजन्य पदार्थ उत्खनन् संकलन तथा बिक्रिको लागि स्वीकृत प्रारम्भिक वातारणीय परिक्षण (IEE) बमोजिम परिमाणको नदिजन्य पदार्थ एकिन गरी ठेक्का सूचना आव्हान गर्ने । राजश्व वृद्धिका लागि मर्यांगखोला बगर क्षेत्रको प्रारम्भिक वातारणीय परिक्षण (IEE) गर्ने ।

**निर्णय नं. १४ :**

**क)** यस नगरपालिकाको मिति २०८२/१२/१२ गतेको चरिकोट बजारको ढल आयोजना संचालनका लागि १ जना जनशक्ति (प्लम्बर) करार सेवामा लिने सुचना बमोजिम छनौट भएका रामहरि नेपाललाई मासिक पारिश्रमिक नेपाल सरकार, खा.पा.स.टे. सरहको सेवा सुविधा उपलव्ध गराउने ।

**ख)** यस नगरपालिकाको मिति २०८२/१०/२० गतेको निर्णयानुसार चरिकोट बजारको ढल आयोजना संचालनका लागि १ जना जनशक्ति (प्लम्बर) करार सेवामा लिने सूचना प्रकाशन गर्दा २ जनाको आवेदन परेकोमा छनौट प्रक्रिया समेत भईसकेकोले सडक ढलमा काम गर्न थप १ जना जनशक्ति आवश्यक भएकोले बैकल्पिक सुचिमा

रहेका श्री पूर्ण कुमार श्रेष्ठ, भीनपा ५ लाई प्रचलित तलवमान पाउनेगरी सहायक खा.पा.स.टे. सरहको रुपमा करार सेवामा लिने ।

**निर्णय नं. १५** : यस नगरपालिका वडा नं. ६ स्थित सरसफाई केन्द्रमा फोहर गाड्ने कार्य र वडा नं. ३ स्थित टुडीखेल अगाडिको सडकमा डस्ट बिछ्याउने कार्यको प्राविधिक मूल्यांकन बमोजिमको रकम भुक्तानी दिने ।

**निर्णय नं. १६** : भीनपा २ स्थित डोक्थली सडकमा लडेको रुख पछाउने तथा सरसफाई कार्यको प्राविधिक मूल्यांकन बमोजिमको रकम भुक्तानी दिने ।

**निर्णय नं. १७** : ३ नं. वडा कार्यालय व्यवस्थापन शीर्षकमा विनियोजित बजेटबाट उक्त वडा कार्यालयको व्यवस्थापन गर्न रकम अपुग हुने भएकोले उक्त आयोजनालाई बहुबर्षीय आयोजनाको रुपमा समावेश गरी आ.व. २०८३/०८४ मा बजेट बिनियोजन गरी वडा कार्यालय सन्चालन हुन कार्यसम्पन्न हुनेगरी प्राविधिक लागत अनुमान बमोजिम ठेक्का प्रक्रिया अगाडि बढाउने ।

**निर्णय नं. १८** : भीमेश्वर नगरपालिकाको आयोजना तथा कालिन्चोक माध्यमिक विद्यालय, चरिकोटको व्यवस्थापनमा राष्ट्रपति रनिंग शिल्ड प्रतियोगितामा सहभागी बिद्यालयहरुलाई उपलव्ध गराईएको व्यवस्थापन खर्च अनुमोदन गर्ने ।

**निर्णय नं. १९** : यस नगरपालिका क्षेत्रभित्र सन्चालन भईरहेको तिन पाङ्ग्रे सवारी साधन (अटो रिक्सा) लाई व्यवस्थित रुपमा सन्चालन गर्नका लागि ३ नं. वडाका वडाध्यक्ष श्री हरिशरण शिवाकोटीको संयोजकत्वमा तपसिल बमोजिमका ३ सदस्यीय कार्यदल गठन गर्ने र उक्त कार्यदलले आवश्यक अध्ययन गरी १ महिनाभित्र प्रतिवेदन पेश गर्ने ।

**तपसिल**

| | | |
|---|---|---|
| संयोजक | श्री हरिशरण शिवाकोटी, | वडा अध्यक्ष, वडा नं. ३ |
| सदस्य | श्री नारायण प्रसाद सेढाई, | बरिष्ठ शाखा अधिकृत |
| सदस्य सचिव | श्री माधव प्रसाद सुवेदी, | प्रशासकीय अधिकृत |

**निर्णय नं. २०** : यस नगरपालिकाको आर्थिक ऐन, २०८२ को दफा १४ मा भएको व्यवस्था बमोजिम यस नगरपालिकाबाट स्वीकृत सामुदायिक वनको वन पैदावार बिक्रि तथा उपयोग सम्वन्धी कार्ययोजना बमोजिम वन पैदावारको बिक्रि वापत सामुदायिक बनले प्राप्त गर्ने रकमको १० प्रतिशत रकम सम्वन्धित सामुदायिक वनबाट असुल उपर गरिनेछ भन्ने व्यवस्था भए बमोजिम सामुदायिक वनलाई वन पैदावारको बिक्रि वापत प्राप्त गरेको रकमको १० प्रतिशतले हुन आउने रकम बुझाउन पत्राचार गर्ने ।

**निर्णय नं. २१** : यस नगरपालिकामा कार्यरत नगर प्रहरीहरुलाई नेपाल प्रहरीले पाउने रासन सुविधा प्रदान गर्दै आएकोमा नेपाल सरकारको संशोधित रासन सुविधा उपलव्ध गाराउने ।

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको ५४औं बैठकका निर्णयहरु
मिति २०८३/०२/१२ गते

**निर्णय नं. २२ :** सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन शीर्षकहरुमा रु १४,०५०००/- (चौध लाख पाँच हजार) विनियोजन भएकोमा नपा क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुमा अध्ययनरत छात्राहरुको संख्या कम भएकोले हाल लागत ईष्टिमेट रु ६,१०,०००/- (छ लाख दश हजार मात्र) बराबरको खरिद गर्न ठेक्का प्रक्रिया अगाडि बढाउने ।

**निर्णय नं. २३ :** यस कार्यालयको मिति २०८३/०१/१७गते प्रकाशित बिद्यालयमा शैक्षिक गुणस्तर सुद्रिढकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत विद्यालयमा भर्चुअल शिक्षण, इलर्निंग, पुस्तकालय र विज्ञान प्रयोगशालाका लागि सामाग्री तथा उपकरण व्यवस्थापन र सन्चालन गर्नका लागि प्रस्ताव पत्र पेश गर्ने सम्वन्धी सूचना बमोजिम कुटीडाँडा मा.वि., मकैवारी, भीनपा ७ र भिम मा.वि. दोलखा, भीनपा २ छनौट गर्ने ।

**निर्णय नं. २४ :** सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत किसान सूचीकरण कार्यक्रम कार्यान्वयनका लागि गणक छनौट गर्नुपर्ने भएकोले यस नगरपालिकाको करार जनशक्ति व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि, २०७५ को बुँदा ३ बमोजिमको तपसिलको समितिलाई जिम्मेवारी दिने ।

संयोजक प्रमुख प्रशासकीय अधिकृत
सदस्य कृषि शाखा प्रमुख
सदस्य पशु सेवा शाखा प्रमुख
सदस्य सचिव प्रशासन शाखा प्रमुख

**निर्णय नं. २५ :** भीमेश्वर नगरपालिकाको आ.व. २०८२/०८३ को योजना तर्जुमा प्रक्रियामा समावेश हुन नसकेका, स्थानीय समुदायको माग तथा जनप्रतिनिधिहरुको स्थलगत निरीक्षणबाट अतिआवश्यक देखिई सिफारिस भएका निम्न आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्न आगामी नगरसभामा अनुमोदन हुने गरी तपसिलको शीर्षकहरुबाट रकम उपलव्ध गराउने ।

तपसिल

| क्र.स. | योजनाको नाम | रकम रु | सि.नं. |
|---|---|---|---|
| १ | भीमेश्वर ब्याडमिन्टन हल मर्मत, भीनपा ३ | १ लाख | १९२ |
| २ | लामापाटा सितारामे सिंचाई कुलो मर्मत, भीनपा ४ | ५० हजार | १९२ |
| ३ | भटमासे सडक टेवा पर्खाल निर्माण, भीनपा ८ | ७० हजार | १३८ |
| ४ | महादेवस्थान प्रा.वि. फर्निचर तथा कार्यालय व्यवस्थापन, भीनपा १ | १ लाख ५० हजार | १३८ |
| ५ | पूर्णरुपमा बेहोस भई (१.५ महिनासम्म) उपचार (सानुमैया श्रेष्ठ ) | २५ हजार | |

भीमेश्वर नगरपालिका

नगर कार्यपालिकाको ५४औं बैठकका निर्णयहरु

मिति २०८३/०२/१२ गते

| | | | |
|---|---|---|---|
| ६ | भिम बहादुर तामांग, भीनपा ७ (घरको पहिरो नियन्त्रण) | २० हजार | ५२८ |
| ७ | चित्र बहादुर तामांग भीनपा ७ (घरको पहिरो नियन्त्रण) | ३० हजार | ५२८ |
| ८ | कडेन नयाँ बस्ती खानेपानी व्यवस्थापन, भीनपा ८ | २० हजार | १९२ |
| ९ | नगरथला ग्रामिण सडक, भीनपा ८ | १ लाख ५० हजार | १९२ |

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

ईश्वर नारायण मानन्धर
नगर प्रमुख